# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः७* *संख्याः ६* *मितिः २०८०/१२/१८*


### भाग-२

## फाल्गुनन्द गाउँपालिका, फाक्तेप, पाँचथर

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

### ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०८०

१. परिचयः

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान,सिप,क्षमता र अनुभवको सदुपयोग गरि निजहरु प्रति श्रद्धा, आदर, तथा सदभाव अभिबृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एंव सुविधाको उचित व्ययस्थापन गरी नेपालको संविधानको अनुसुचि ८ को क.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम फाल्गुनन्द गाउँपालिकाको ज्येष्ठ नागरिक परिचपत्र वितरण कार्यविधि तयार पारी लागु गरेको छ ।

२. परिचयपत्र बितरणका आधारः

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक,ज्येष्ठ नागरिक सम्बन्धि नियमावलि २०६५ को नियम १५ अनुसार र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को धारा ११ को त दफा २ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र वितरणका आधार हुनेछन ।

३. उद्धेश्यः

क) जेष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देहि नै ज्येष्ठ नागरिकहरुको लागत राख्ने । उक्त लागत राख्ने कार्यमा एकरुपताका लागि अनुसुचि २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको बर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरि निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरि विकास प्रकृयामा सहभागि गराउने ।

४. **<u>लक्षित बर्गः</u>**

ज्यष्ठ नागरिक सम्बन्धि ऐन,२०६३ ले परिभाषित गरे अनुसार साठि बर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. **<u>ज्येष्ठ नागरिकहरुको बर्गिकरणः</u>**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावलि २०६५ को नियम १४ को उपनिय (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गिकरण देहाय बमोजिम गरिएको छ ।

क) साठी बर्ष पुरा गरि सतरी बर्ष उमेर नगरेको ज्येष्ठ नागरिक ।

ख) सत्तरी बर्ष उमेर पुरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक ।

ग) असहाय ज्येष्ठ नागरिक ।

घ) अशक्त ज्येष्ठ नागरिक ।

ङ) एकल ज्येष्ठ नागरिक ।

६. **<u>परिचयपत्र विवरणका मापदण्डः</u>**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी बर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिनेछ ।

७. **<u>ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचाः</u>**

ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसुचि १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडी पट्टी अंग्रेजि भाषामा रुपान्तरण गरेको हुनेछ ।

८. **<u>परिचय पत्र बितरण प्रकृयाः</u>**

क) ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी बर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वंयम वा निजको संरक्षले सम्बन्धित स्थानीय वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचयपत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमो सफ्टवेयरमा कम्प्युटरराईज गरि गाउँपालिकाको कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचयपत्र को प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित फाल्गुनन्द गाउँपालिकाको निवेदन पेश गर्न सक्नेछ ।

अनुसुचि १

फाल्गुनन्द गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय फाक्तेप पाँचथर

कोशि प्रदेश, नेपाल

ज्येष्ठ नागरिक परिचयपत्र

Senior Citizenship Card

**फाल्गुनन्द गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

फाक्तेप, कोशी प्रदेश नेपाल

ज्येष्ठ नागरिक परिचयपत्र

पासफोटो

क्र.स

नाम थरः-

ना.प्र.नः-

ठेगानाः- टोल/गाउः-

उमेरः- लिङ्गः-

उपलब्ध छुट तथा सुविधाहरुः-

पति/पत्निको नामः-

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः-

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम थरः-

सम्पर्क ठेगानाः-

रक्त समुहः-

रोग भए रोगको नामः-

सेवन गरिएको औषधिको नामः-

प्रमाणित गर्ने अधिकृतको

कार्यालयको छाँप

दस्तखतः-

नाम थरः-

पदः-

कार्यालयः-

अनुसुचि- २

ज्येष्ठ नागरिक परिचयपत्र अभिलेख विवरण

जिल्ला पाँचथर फाल्गुनन्द गाउँपालिका कोशी प्रदेश, नेपाल

| सि.नं. | नाम थर | जन्म मिति | बुबा आमाको नाम थर | बाजेको नाम थर | पति पत्निको नाम थर | संरक्षकको नाम थर | नागरिकता नं. र जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचयपत्र नं. र जारी मिति र जिल्ला | कैफियत फोटो, सहि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने
नाम थारः-
पदः-

प्रमाणित गर्ने
नाम थर —
पदः-

आज्ञाले
निर्मल तुम्रोक
(प्रमुख प्रशासकीय अधिकृत)